Tasmanian Electoral Commission

# आगामी विधान परिषदको निर्वाचनमा मतदान गर्ने मार्गनिर्देशिका

**याद गर्नुहोस्ः**

- तपाईं कुनै पनि समयमा मद्दत माग्न सक्नुहुन्छ वा कसैले भनेको कुरा दोहोर्याउन अनुरोध गर्न सक्नुहुन्छ।
- यदि तपाईंले गल्ती गर्नुभयो भने तपाईंले नयाँ मतपत्र माग्न सक्नुहुन्छ।
- तपाईंको भोट तपाईंको छनौट हो।
- तपाईंको भोट गोप्य हुन्छ।

## 1 तपाईं मतदान स्थलमा आइपुग्नुभएको छ - अब के हुन्छ?

मतदान कर्मचारीले तपाईं मतदान गर्न योग्य भएको जाँच गर्न तपाईंलाई तीन प्रश्नहरू सोध्नेछन्:

- 'तपाईंको पूरा नाम के हो?' - उनीहरूलाई तपाईंको पूरा नाम बताउनुहोस्। यदि उपयोगी छ भने, तपाईंले कर्मचारीलाई आफ्नो नाम सहितको परिचय पत्र देखाउन सक्नुहुन्छ (जस्तै ड्राइभर लाइसेन्स, स्वास्थ्य हेरचाह कार्ड)।
- 'तपाईं कहाँ बस्नुहुन्छ?' - उनीहरूलाई तपाईं बस्ने ठेगाना बताउनुहोस्।
- 'के तपाईंले यस चुनावमा पहिले मतदान गर्नुभएको छ?' - उनीहरूले तपाईंलाई यो सोध्छन् किनभने तपाईंले चुनावमा एक पटक मात्र मतदान गर्न पाउँछ।

## 2 तपाईंलाई एउटा मतपत्र दिइनेछ:

- जब तपाईंलाई तपाईंको मतपत्र दिइन्छ, तपाईंलाई मतपत्रमा दिइएको निर्देशनहरू पालना गर्न भनिनेछ।
- निर्देशनहरू मतपत्रको शीर्षमा लेखिएका छन्।
- यदि तपाईं निश्चित हुनुहुन्न भने, तपाईं मतदान कर्मचारीसँग मद्दत माग्न सक्नुहुन्छ।

## 3 आफ्नो मतपत्रलाई मतदान गर्ने कक्ष (स्क्रिन) मा लैजानुहोस्:

- भोटिङ कक्षमा शीशाकलम राखिएको हुन्छ। तर यदि तपाईंसँग कलम छ भने तपाईंले कलम प्रयोग गर्न सक्नुहुन्छ।
- तपाईंको मतपत्रमा, प्रत्येक उम्मेदवारको नामको बायाँ तिर एउटा कोठा हुनेछ।
- तपाईंले आफ्नो रोजाइ अनुसार क्रमैसँग सबै कोठाहरू नम्बर दिनुहुनेछ।
- तपाईंको पहिलो रोजाइको उम्मेदवारको लागि, तपाईंले सो उम्मेदवारको बायाँतिरको कोठामा '1' लेख्नुहुनेछ।
- तपाईंको दोस्रो रोजाइको उम्मेदवारको लागि, तपाईंले सो उम्मेदवारको बायाँतिरको कोठामा '2' लेख्नुहुनेछ।
- यसै गरि तपाईंले प्रत्येक नम्बर एक पटक मात्र प्रयोग गरेर सबै कोठाहरूमा क्रमैसँग नम्बरहरू लेख्दै जानुहोस्।
- **याद गर्नुहोस्:** कोठाहरू भर्न नम्बरहरू मात्र प्रयोग गर्नुहोस्।
- मतपत्रमा आफ्नो नाम **नलेख्नुहोस्** वा हस्ताक्षर **नगर्नुहोस्**।

## 4 आफ्नो मतपत्रलाई मतपेटिकामा खसाल्नुहोस्:

- मतपेटिकाको छेउमा एक मतदान कर्मचारी खडा रहनेछ।
- आफ्नो मत गोप्य राख्नको लागि आफ्नो मतपत्र पट्याउनुहोस्।